# मानेभन्ज्याङ गाउँपालिका

## कोशी प्रदेश, ओखलढुंगा

# स्थानीय राजपत्र

**खण्ड: ३** **भाग: १** **संख्या: १७**

**स्वीकृत मितिः २०८०।१०।१८**

## मानेभन्ज्याङ गाउँपालिका स्वास्थ्य सेवा विधेयक-२०७९

**प्रस्तावना:**

मानेभन्ज्याङ वासीहरुलाई संविधानले प्रदान गरेको स्वास्थ्य सम्बन्धि हक कायम गराउन “नेपालको संविधान २०७२ को धारा ५७ (४) को अनुसुची-८ को सुची नं. ९ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ झ मा उल्लेखित मानेभन्ज्याङ गाउँपालिकाले पाएको अधिकार प्रयोग गरी गाउँपालिकाको क्षेत्र भित्र समग्र स्वास्थ्य क्षेत्रको विकासका लागि संघिय लोकान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था अनुकुल स्वास्थ्य क्षेत्रको विकासका लागि संघिय लोकतान्त्रिक गणतन्त्रात्मक शासन गाउँपालिकाको क्षेत्रमा स्थापना भएका र स्थापना हुने स्वास्थ्य संस्थाहरु, स्वास्थ्य व्यवसायमा व्यापक सुधार गरी कार्यसम्पादन गर्न वाञ्छनीय भएकाले, नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ अनुसार मानेभन्ज्याङ गाउँपालिकाको गाउँ सभाबाट मानेभन्ज्याङ गाउँपालिकाको स्थानीय स्वास्थ्य ऐन, २०७९ पारित गरिएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. सक्षिप्त नाम र प्रारम्भ :**

- यस ऐनको नाम स्थानीय स्वास्थ्य ऐन, २०७९ रहेको छ ।
- यो ऐन गाउँपालिका भर लागु हुनेछ ।
- यो ऐन गाउँसभाबाट पारित र्भ स्थानीइ राजपत्रमा प्रकाशन भएपछि लागु हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्ग नलागेमा यस ऐनमा,

- "ऐन" भन्नाले मानेभन्ज्याङ गाउँपालिकाको स्वास्थ्य ऐन, २०७९ लाई सम्झनु पर्दछ ।
- "संघिय ऐन" भन्नाले स्वास्थ्य सम्बन्धि संघिय संसदले बनाएको ऐनलाई सम्झनु पर्दछ ।
- "गाउँपालिका" भन्नाले मानेभन्ज्याङ गाउँपालिकालाई सम्झनु पर्दछ ।
- "गाउँ सभा" भन्नले मानेभन्ज्याङ गाउँपालिकाको गाउँ सभालाई सम्झनु पर्दछ ।
- "कार्यपालिका" भन्नाले मानेभन्ज्याङ गाउँपालिकाको कार्यपालिका सम्झनु पर्दछ ।
- "अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्दछ ।
- "उपाध्यक्ष" भन्नाले गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्दछ ।
- "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।
- "वडा अध्यक्ष" भन्नाले मानेभन्ज्याङ गाउँपालिकाका वडा अध्यक्षलाई सम्झनुपर्दछ ।
- "कार्यपालिका सदस्य" भन्नाले मानेभन्ज्याङ गाउँपालिकाको कार्यपालिका सदस्य सम्झनु पर्दछ । गाउँपालिकाको अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्षहरु समेतलाई सम्झनु पर्दछ ।
- "वडा समिति" भन्नाले मानेभन्ज्याङ गाउँपालिकाको कार्यपालिका सदस्य सम्झनु पर्दछ ।
- "शाखा" भन्नाले मानेभन्ज्याङ गाउँपालिकाको स्वास्थ्य सेवा सम्बन्धि कामकाज गर्न गराउनको लागि तोकिएका शाखा/उपशाखा/इकाई लाई सम्झनु पर्दछ ।
- "स्वास्थ्य संस्था" भन्नले सरकारी स्तरबाट सञ्चालित अस्पताल प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य सेवा केन्द्र, सामुदायिक स्वास्थ्य इकाई, आयुर्वेद तथा स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य संस्थाहरुलाई सम्झनु पर्दछ ।

- “निजी” भन्नाले सेवाको सँगसँगै नाफको समेत उद्देश्य राखि निजी क्षेत्रबाट सञ्चालन स्वास्थ्य संस्था भनेर सम्झनु पर्दछ । सो शब्दले गाउँपालिकाको क्षेत्र भित्र स्वास्थ्य उपभारको लागि खोलिएका शुल्क लिने सबै प्रकारका स्वास्थ्य संस्थाहरु (जस्तैः अस्पताल, पोलिक्लिनिक, नर्सिङ्गहोम, बैद्यखाना, सुधार केन्द्र, फार्मेसी, अनुसन्धान केन्द्र/डाईनोग्नोसिस्टर, प्याथोलोजी सेन्टर रक्तदान केन्द्र आदिलाई बुझाउँछ ।
- “ट्रष्ट वा लोक कल्याणकारी” भन्नाले ट्रष्ट वा लोक कल्याणकारी संस्था गत नाफा मूलक संघ संस्थाहरु मार्फत सञ्चालन हुने स्वास्थ्य संस्थाहरु (जस्तैः अस्पताल, पोलिक्लिनिक, नर्सिङ्गहोम, बैद्यखाना, सुधार केन्द्र, फार्मेसी, अनुसन्धान केन्द्र/डाईनोग्नोसिस्टर, प्याथोलोजी सेन्टर रक्तदान केन्द्र आदिलाई सम्झनुपर्दछ ।
- “स्वास्थ्य सेवा व्यवसाय” भन्नाले गाउँपालिकाको स्वास्थ्य सेवा व्यवस्थित सञ्चालन, व्यवस्थापन, नियमन निर्देशन, अनुगमन र मूल्याङ्कन गर्ने तथा ऐन बमोजिम तोकिएका कार्य गर्न स्वास्थ्य शाखा प्रमुख कर्मचारी सम्झनु पर्दछ ।
- “कर्मचारी” भन्नाले स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्य सेवा प्राविधिक तथा प्रशासनिक कर्मचारी समेतलाई सम्झनु पर्दछ । सो शब्दले गाउँपालिका र मातहतमा कार्यरत कर्मचारीलाई समेत जनाउँछ ।
- “अनुमति” भन्नाले स्वास्थ्य संघिय सरकार, प्रदेश सरकार वा गाउँपालिका स्थायी स्वीकृति प्रदान गरी नसकेको कुनै तोकिएको ठाउँमा स्वास्थ्य संस्था वा व्यवसाय स्वास्थ्य खोल्न दिइएको अस्थायी स्वीकृतिलाई जनाउनेछ ।
- “स्वीकृति” भन्नाले तोकिए बमोजिम पुरा गरेको स्वास्थ्य संस्था वा स्वास्थ्य व्यवसायलाई संघिय सरकार, प्रदेश सरकार वा गाउँपालिकाले दिएको स्थायी स्वीकृतिलाई जनाउँछ ।
- “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेका, नियमावली निर्देशिका, कार्यविधिहरुमा तोकिएको वा तोकिए बमोजिम भन्ने जनाउँछ ।
- “स्वास्थ्य समिति” भन्नाले दफा ५ अनुसार गाउँपालिकामा गठित स्वास्थ्य समितिलाई सम्झनु पर्दछ ।
- “सञ्चालन तथा व्यवस्थापन समिति” भन्नाले दफा ७ अन्तर्गत बनेका स्वास्थ्य संस्थाहरुको सञ्चालन तथा व्यवस्थापन समितिलाई सम्झनु पर्दछ ।

## परिच्छेद-२

## आधारभूत स्वास्थ्य सेवा प्रदायक र सेवा व्यवस्थापन सम्बन्धि व्यवस्था ३. आधारभूत स्वास्थ्य सेवा प्रदायकहरु

स्थानीय स्तरमा आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य सेवा प्रदायकहरु ३ प्रकारका हुनेछन् ।

- सरकारी वा सामुदायिक :- सरकारी तथा सामुदायिक स्वामित्वमा सञ्चालन भएका प्राथमिक अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य सेवा केन्द्र, सामुदायिक स्वास्थ्य इकाई, आयुर्वेद औषधालय तथा प्राकृतिक चिकित्सा केन्द्र, गाउँघर क्लिनिक, खोप क्लिनिक, आयुर्वेद केन्द्रहरु सरकारी वा सामुदायस्तरमा स्वास्थ्य सेवा प्रदायक निकाय हुनेछन् ।
- निजी :- निजी क्षेत्रद्धारा सञ्चालित अस्पताल, नर्सिङ्ग होम, पोलिक्लिनिक वा क्लिनिक, प्रयोगशाला, फार्मेसीहरु निजी स्वास्थ्य सेवा प्रदायक हुनेछ ।
- ट्रष्ट वा लोक कल्याणकारी संस्थाहरुको अधिनस्थ:- ट्रष्ट वा लोक कल्याणकारी संस्थाहरुको मार्फत सञ्चालन हुने अस्पताल, स्वास्थ्य केन्द्र, घुम्ती क्लिनिक यस अन्तर्गत पर्दछ ।

## ३. स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको परिचाषा र आधारभूत मापदण्ड

**स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको परिभाषा र आधारभूत मापदण्ड नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछ ।**

## ४. गाउँपालिका स्वास्थ्य समिति गठन

गाउँपालिका क्षेत्रभित्र रहेका निजी, सामुदायिक, ट्रष्ट वा लोक कल्याणकारी स्वास्थ्य संस्थाहरुको रेखदेख समन्वय, अनुगमन नियमन र व्उवस्थापन गर्ने गाउँपालिका स्वास्थ्य समितिको गठन गरिनेछ । यस समितिको गठन देहाय बमोजिम रहनेछ ।

| | |
|---|---|
| (क) गाउँपालिका अध्यक्ष | अध्यक्ष |
| (ख) गाउँपालिका उपाध्यक्ष | सदस्य |
| (ग) सामाजिक विकास समितिको संयोजक | सदस्य |
| (घ) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (ङ) गाउँपालिका स्वास्थ्य शाखा प्रमुख | सदस्य सचिव |

## ५. गाउँपालिका स्वास्थ्य समितिको काम, कर्तव्य र अधिकार

गाउँपालिका स्वास्थ्य समितिको काम, कर्तव्य, र अधिकार अन्यत्र लेखिएको सहित देहाय अनुसार हुनेछ :

- गाउँपालिका भित्रको स्वास्थ्य सेवा विकास, विस्तार र गुणस्तर सुनिश्चिततताको योजना तयार गर्ने ।
- गाउँपालिका क्षेत्र भित्र स्वास्थ्य संस्थाहरु तथा स्वास्थ्य सेवा व्यवसायहरु सञ्चालनका लागि अनुमति स्वीकृति, स्वास्थ्य संस्था स्नान्तरण, समायोजन सम्बन्धि कार्यपालिकालाई सिफारिस गर्ने ।
- स्वास्थ्य संस्था र स्वास्थ्य कार्यक्रमहरुका लागि आवश्यक आर्थिक अनुदान तथा स्रोत जुटाउने र प्रभावकारी परिचालन गर्ने, गराउने ।
- गाउँपालिका क्षेत्र भित्र सञ्चालन हुने स्वास्थ्य संस्थाहरु र स्वास्थ्य सेवा व्यवसायहरुलाई गुणस्तरिय, मर्यादित र व्यवस्थित बनाउने ।
- गाउँपालिकाबाट स्थापना भएका स्वास्थ्य संस्थाहरुमा दरबन्दी, सेवा, सुविधा र सर्तहरु स्वीकृत गर्ने ।
- स्वास्थ्य संस्था, स्वास्थ्य सेवा व्यवसाय र स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिलार्य निर्देशन दिने, जागरुक र सचते गराउने ।
- मानव स्वास्थ्यसँग सम्बन्धित विषयहरुको सम्बोधन गर्ने ।
- स्वास्थ्य संस्था तथा स्वास्थ्य व्यवसायहरुको सुपरिवेक्षण नियमन गर्ने ।
- स्वास्थ्य संस्था तथा स्वास्थ्य व्यवसायसँग आवद्ध कर्मचारीहरुलाई कार्य सम्पादन तथा मूल्याङ्कनका आधारमा आवश्यक प्रोत्साहन, सिहतैन र दण्ड जरिवाना गर्ने, गराउने ।
- स्वास्थ्य संस्थाहरुको स्वीकृति दरबन्दीमा रिक्त भई करारमा स्वास्थ्य प्राविधिक, कर्मचारी, स्वास्थ्य स्वयमसेवक एंव स्वास्थ्य कार्यकर्ता नियुक्ति गर्नु पर्ने भएमा गाउँपालिकाको करार सेवा छनौट समिति मार्फत परीक्षा लिई रिक्त रहको स्वीकृत दरबन्दीमा योग्यताक्रम अनुसार करार सूची अनुसार नियुक्ति गर्ने व्यवस्था मिलाउने ।
- स्वास्थ्य सेवाको गुणस्तर कायम गराउने ।
- स्वास्थ्य संस्था तथा स्वास्थ्य व्यवसायहरुले दिने सेवाहरुको गुणस्तरको आधारमा सेवा शूल्क निर्धारण स्वीकृति दिने ।
- स्वास्थ्य क्षेत्रमा सुशासन कायम गर्ने, गुनासो, उजुरी, सुन्ने तथा यथोचित सम्बोधन गर्ने, गराउने ।
- स्वास्थ्य विशेषज्ञहरु र स्वास्थ्य सेवा प्रदायकहरुको सुची अद्यावधिक तथा प्रकाशन गर्ने ।

- स्वास्थ्य सेवाको पहुँच भन्दा बाहिर रहेका समुदायको पहिचान गरी सबैका लागि स्वास्थ्य सेवा सुनिश्चित हुने प्रबन्ध गर्ने ।
- गाउँ कार्यपालिकालाई स्वास्थ्य क्षेत्रमा आवश्यक सल्लाह राय र सुझाव दिने ।
- गाउँपालिकाले स्वास्थ्य कार्यक्रमहरुको लक्ष्य तथा उपलब्धिबारे समिक्षा गर्ने, सुझाव दिने तथा आवश्यक लिखित पृष्ठ पोषण सहित योजना तर्जुमा गर्न सहयोग गर्ने ।
- स्वास्थ्य संस्थाहरुको भौतिक सम्पत्ति, औजार-उपकरण, औषधि तथा औषधि जन्य सामग्रीको उचित उपयोग, संरक्षण र व्यवस्थापन गर्ने, गराउने ।
- गाउँपालिका स्वास्थ्य समिति कार्य सञ्चालन निर्देशिका तयार गरी तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

## ६. समितिको बैठक र निर्णय सम्बन्धमा ।

- समितिको बैठक त्रैमासिक रुपमा बस्नेछ । आवश्यकता अनुसार समितिको अध्यक्षको निर्देशनमा सदस्य सचिवले कुनै पनि बेला बैठक बोलाउन सक्नेछन् ।
- समितिको बैठक बस्नु भन्दा कम्तिमा चौबिस घण्टा अगाडी नै सदस्य-सचिवले बैठकमा छलफल हुने कार्यसुची सहितको सूचना समितिको सबै सदस्यहरुलाई दिनु पर्नेछ ।
- समितिको कुल सदस्य संख्याको ५१ प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपुरक पुगेको मानिनेछ ।
- समितिको बैठक सकेसम्म सर्वसहमत निर्णय विवाद भएमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिको मत निर्णायक हुनेछ ।
- समितिको आवश्यक ठानेमा जनस्वास्थ्य क्षेत्रसँग सम्बन्धित कुनै व्यक्ति वा संस्थालाई समितिका बैठकमा विशेषज्ञको रुपमा आमन्त्रण गर्न सक्नेछ ।
- समितिको बैठक सम्बन्धि अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।
- सेवा सुविधा तोकिए बमोजिम हुनेछ ।
- उपदफा (१) अन्तर्गतका सदस्यहरुको आफनो पदीय आचरण पालना नगरेको अवस्थामा जुनसुकै समयमा पनि बहुमत सदस्यले कार्यपालिकालार्य जानकारी लिई पदबाट हटाउन वा बर्खास्त गर्न सकिनेछ । तर त्यसरी हटाउँदा वा बर्खास्त गर्नु पहिले मनासिव माफिकको सफाई दिने अवसर प्रदान गरिनेछ । यसरी हटाए उपर चित्त नबुझेमा न्यायिक समितिमा उजुरी लाग्नेछ ।

## ७. गाउँपालिकाको स्वास्थ्य सेवा शाखा प्रमुखको व्यवस्था :

- गाउँपालिकामा स्वास्थ्य शाखा हेर्न स्वास्थ्य जनस्वास्यसँग सम्बन्धित विषयमा हासिल तोकेको एक जना स्वास्थ्य शाखा प्रमुख हुनेछ ।
- स्वास्थ्य शाखा प्रमुखको काम, कर्तव्य र अधिकार अन्यत्र उल्लेख भएको सहित देहाय बमोजिम हुनेछ ।
    - स्वास्थ्य सेवा सम्बन्धि स्थानीय योजना निर्माण गर्ने ।
    - कार्यपालिका तथा गाउँसभाबाट पारित ऐन, कानून, नीति तियम कार्यान्वयन गर्न, गराउन क्रियाशिल रहने ।
    - गाउँपालिकाको स्वास्थ्य सेवासँग सम्बन्धित कार्यक्रम कार्यान्वयन गर्ने, गराउने ।
    - स्वास्थ्य संस्था तथा स्वास्थ्य व्यवसायको तथ्याङ्क अद्यावधिक गरी, गराई कार्यतालिका, प्रदेश तथा केन्द्रिय निकायमा नियमित रुपमा पठाउने, अद्यावधिक गर्ने, गराउने ।
    - स्वास्थ्य संस्था सञ्चालन तथा कार्यक्रम कार्यान्वयनका लागि स्रोतहरु, पहिचान संकलन र उपलब्ध स्रोतको यथोचित बाँडफाँड गर्ने, गराउने ।
    - गाउँपालिका क्षेत्र भित्रका स्वास्थ्य संस्थाहरुको नक्साङ्कन गरी सोको आधारमा स्वास्थ्य संस्था खोल्न तथा स्वास्थ्य व्यवसाय सञ्चालन गर्न अनुमति प्रदान गर्न, सेवा विस्तार एंव थप गर्न कार्ययोजना बनाई सस्थ्य समिति कार्यपालिकामा समक्ष पेश गर्ने र स्वीकृत भएपछि कार्यान्वयन गर्ने ।
    - स्वास्थ्यकर्मी तथा कर्मचारीहरुको व्यवस्थापन गर्ने, स्वास्थ्य संस्थामा कर्मचारीको पदस्थापना सम्बन्धि कार्य गर्ने ।
    - स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मी तथा कर्मचारीहरुको विदाको अभिलेख अद्यावधिक गर्ने १ हप्ता सम्मको विदाहरु स्वीकृत गर्ने ।
    - स्वास्थ्य सेवाको गुणस्तर बढाउन स्वास्थ्य संस्था, व्यवस्थापन समिति तथा अन्य सरोकारवालाहरुको नियमित रुपमा बैठक, गोष्ठी वा तालिमको व्यवस्थ ागर्ने ।
    - गाउँपालिकाको स्वास्थ्य समितिको सचिवालयको रुपमा कार्य सम्पादन गर्ने, गराउने ।
    - स्वास्थ्य सेवासँग सम्बन्धित तथा आफ्नो पदिय कार्य गर्दा कार्यपालिका गाउँसभा एंव प्रमुख प्रशासकीय अधिकृतको सुपरीवेक्षण तथा निर्देशनको अधिनमा रही कार्य सम्पादन गर्ने, गराउने ।

○ स्वास्थ्य सुचना प्रणालीलाई प्रभावकारी, व्यवस्थित र प्रविधि मैत्री बनाउन स्वास्थ्य समिति मार्फत गाउँपालिकालाई जिम्मेवार बनाउने ।

- गाउँपालिका स्वास्थ्य अनुगमन समितिको काम, कर्तव्य र अधिकार :- गाउँपालिका स्वास्थ्य अनुगमन समितिको काम, कर्तव्य अधिकार गाउँपालिका स्वास्थ्य समिति कार्य सञ्चालन निर्देशिकामा तोकिए बमोजिम हुनेछ ।

## ८. गाउँपालिका स्वास्थ्य गुणस्तर सुनिश्चितता सम्बन्धि व्यवस्था :-

- गाउँपालिका भित्र रहेका स्वास्थ्य संस्गाहरको सेवा प्रवाहलाई गुणस्तरियता कायम गर्न गाउँपालिका स्वास्थ्य समिति मातहतमा रहने री गाउँपालिका स्तरमा स्वास्थ्य गुणस्तर सुनिश्चितता दफा ५ बमोजिम हुनेछ ।
- गाउँपालिका मातहतमा रहको स्वास्थ्य संस्थाहरुको सेवा प्रवाहलाई गुणस्तरियता कायम गर्न गाउँपालिका स्वास्थ्य गुणस्तर सुनिश्चितता समिति र स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति प्रति जवाफदेही हुने गरी गाउँ कार्यपालिकाले प्रत्येक स्वास्थ्य संस्थास्तरमा तोकिए बमोजिमको स्वास्थ्य गुणस्तर सुनिश्तताको लागि समिति गठन गर्न सक्नेछ ।

## ९. गाउँपालिका स्वास्थ्य गुणस्तर सुनिश्चितता समितिको काम, कर्तव्य र अधिकार

- स्वास्थ्य सेवा प्रवाह सम्बन्धि तथ्य/प्रमाणको बारेमा छलफल गरी गुणस्तर सुधार कार्ययोजना निर्माण गर्नै र गाउँपालिका स्वास्थ्य समितिलाई प्रतिवेदन गर्ने ।
- अनिवार्य रुपमा त्रैमासिक तथा आवश्यकता अनुसार थप बैठक बस्न सक्नेछ ।
- समितिका सदस्यहरुसँग समन्वय गरेर सदस्य सचिवले बैठक बोलाउने र बैठकको सहजीकरण गर्ने ।
- गुणस्तर सुनिश्चिता कार्य समितिको बैठक र यसले गर्ने कार्यहरुको अभिलेख दुरुस्त, छलफलका विषयहरु, बैठकका निर्णयहरु सहित कार्ययोजना समेत तयार गर्नुपर्नेछ ।
- गाउँपालिका स्वास्थ्य गुणस्तर सुनिश्चितता समितिको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

## १०. स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति सम्बन्धि व्यवस्था

- गाउँपालिका तहमा एक गाउँपालिका आफैले तोकिएको मापदण्डमा १५/१०/५ शैयासम्म क्षमताको अस्पताल स्थापना गरी सञ्चालन गर्न सक्नेछ । यस्तो

अस्पताल सञ्चालन गर्न गाउँपालिकाले अस्पताल नियमावली तर्जुमा गरी सञ्चालन गर्नेछ ।

- उपदफा (१) बमोजिम स्थापित अस्पताल सञ्चालन तथा व्यवस्थापनका लागि दफा ५ बमोजिम समिति रहनेछ ।
- स्थानीय आवश्यकताको आधारमा गाउँपालिकाले हाल सञ्चालनमा रहेको स्वास्थ्य संस्थाको स्तरोन्नती गरी वा नयाँ थप गरी प्रथामिक केन्द्र स्थापना गरी सञ्चालन गर्न सक्नेछ । यसरी स्थापना भएका प्राथमिक स्वास्थ्य केन्द्र, गाउँपालिका अन्तर्गतका स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य सेवा केन्द्र, आयुर्वेद औषधालय र सामुदायिक स्वास्थ्य इकाईहरुको सञ्चालन तथा व्यवस्थापनका लागि दफा ५ बमोजिम समिति रहनेछ ।
- समितिका पदेन सदस्यहरु संरक्षक सम्बन्धित वडाका अध्यक्ष प्रतिनीधि गाउँपालिका वा वडाका सचिव सम्बन्धित स्वास्थ्य संस्थाका प्रमुखको पहिलो बैठकले ३ उपदफा बमोजिम मनोनित हुने गरी समितिका थप सदस्यहरुको मनोनयन गर्नेछ ।
- उपदफा (३) बमोजिम गठन हुने समितिमा पुरुष अध्यक्ष रहेको अवस्था महिला उपाध्यक्ष रहने व्यवस्था गर्नु पर्नेछ । समितिमा प्रतिनीधित्व हुने स्वास्थ्य संस्था रहेको क्षेत्रका विद्यालयका प्राचार्य प्रमुख मध्ये एक जना महिला मनोनित हुने प्रावधान अनुसार महिला प्रमुख/प्राचार्य नभएको अवस्थामा व्यवस्थापन समितिले स्वास्थ्य क्षेत्रमा योगदान दिन सक्ने महिला प्रमुख/प्राचार्य नभएको अवस्थामा व्यवस्थापन समितिले स्वास्थ्य क्षेत्रमा योगदान दिन सक्ने महिला शिक्षिकाहरु मध्येबाट एकजना मनोनित गर्न सक्नेछ ।
- व्यवस्थापन समितिको बैठकमा निम्न बमोजिम क्षेत्रको अनिवार्य प्रतिनीधित्व रहने गरी सदस्यहरु आमन्त्रित गर्नुपर्नेछ ।
  - दलित जनजातिबाट १ जना
  - अपाङ्ग, अशक्त वा जेष्ठ नागरिकहरु मध्येबाट १ जना
  - किशोर किशोरीरुको तर्फबाट १ जना
- गाउँपालिका स्तरमा स्वास्थ्य सेवा प्रवाह गर्ने नीजी, गैर सरकारी तथा दातृ संस्थाका आयोजना र कार्यक्रमका प्रतिनीधिहरुलाई समितिको बैठकमा आमन्त्रितको रुपमा संलग्न गराउन सकिनेछ ।
- गाउँपालिका स्तरमा स्वास्थ्य सेवा प्रवाहमा दोहोरोपन नहुने व्यवस्थापनका लागि पहिले गठित स्वास्थ्यसँग सम्बन्धित अन्य समीतिहरुको विघटन गरी ती समितिहरुले गरी आएको कार्य पनि यसै ऐनमा व्यवस्था भए अनुसार गठित समीतिले गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

## ११. स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार

- स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार निम्नानुसार हुनेछन् ।

- नेपाल सरकारबाट जारी गरिएको आधारभूत स्वास्थ्य सेवा प्रवाह र सेवाको न्यूनतम मापदण्ड कार्यान्वयनको सुनिश्चितता गराउने ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा (२ भ) मा भएको गाउँपालिका तथा गाउँपालिकाको एकल अधिकार क्षेत्र अन्तर्गत उल्लेख भएका स्वास्थ्य र सरसफाईसँग सम्बन्धित (बुँदा १ देखि १२) कार्यक्रमहरुको आफ्नो कार्यक्षेत्रभित्र कार्यान्वयनका लागि व्यवस्थापन, समन्वयन र सहजीकरण गर्ने ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा ४ (ख) मा उल्लेखित प्रदेश र स्थानीय सरकारका साझा अधिकारमा उल्लेख भए बमोजिमका स्वास्थ्य सम्बन्धि कार्यक्रमहरु (बुँदा १ देखि १७) आफ्नो कार्यक्षेत्रभित्र आवश्यक कार्यान्वयनका लागि सहयोग, समन्वय र सहजीकरण गर्ने (अनुसुची-२) ।
- स्वास्थ्यको वृहत सामाजिक निर्धारक तत्वहरुका कारणबारे Wider Social Determinants of Health कारणबारे परिवर्तित जीवनशैली तथा जोखिमपूर्ण व्यवहारबाट मानिसको स्वास्थ्यमा पर्न सक्ने प्रतिकुद प्रभावहरुको पहिचान गरी सर्ने रोगहरुबाट बच्न जनचेतना अभिवृद्धि जस्ता कार्यक्रमहरुको लागु गर्न नेतृत्व प्रदान गर्ने ।
- स्वास्थ्य संस्थाको भौगोलिक कार्यक्षेत्र, जनसंख्या, लक्षित जनसंख्या, जोखिम र पछाडी परेका वर्ग, गरिब र सिमान्तकृत वर्ग निर्धारण गर्न र स्वास्थ्य तथा सहयोगी कार्यक्रम सञ्चालन गर्नका लागि स्थानीय तहमा सिफारिस तथा सहजीकरण गर्ने ।
- सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउनका लागि आवश्यक मानव स्रोत व्यवस्थापन सम्बनिध कार्य गर्नै तथा सेवा प्रदायक र स्वास्थ्य कर्मीहरुलाई सहज रुपमा कार्य गर्न अनुकुल तथा सुरक्षित वातावरण सृजना गर्ने र उच्च कार्य सम्पादनका लागि प्रोत्साहित गर्ने ।
- स्वास्थ्य संस्थाबाट प्रदान गरिएको सेवा, सेवा प्रदायकहरुको कार्य सम्पादन र यसका उपयोगिताको नियमित समिक्षा तथा मूल्याङ्कन गरी पुरस्कृत समेत गर्ने ।

- स्वास्थ्य संस्थाको भौतिक पूर्वाधार तथा सेवा (भवन, प्रवाह औषधि, औजार उपकरण, फर्निचर) को लागि स्वास्थ्य संस्थाको नियमित स्वमूल्याङ्कनका आधारमा आवश्यक स्थानीय वित्तिय स्रोत साधनहरुको पहिचान तथा परिचालनमा सहयोग गर्ने र सो व्यवथापनका लागि सम्बन्धित निकायमा आवश्यक सिफारिस, छलफल, बहस, पैरवी गर्ने ।
- स्वास्थ्य सुचनाको उचित व्यवस्थापन गर्न स्वास्थ्य सम्बन्धि तथ्याङ्क, सुचना सङ्कलन, विश्लेषण गरी सोको उपयोगमा वृद्धि ल्षउन स्वास्थ्य सेवाको अभिलेखिकरण तथा प्रतिवेदनलाई व्यवस्थित र सुनिश्चित गरी यसको योजना तर्जुमा, कार्यान्वयन र अनुगमन गर्ने ।
- स्वास्थ्य संस्थाको भौगोलिक कार्यक्षेत्र भित्रको स्वास्थ्य समस्या र आवश्यकताको विश्लेषण गरी तथ्यमा आधारित योजना तर्जुमा, कार्यान्वयन र अनुगमन गर्ने ।
- स्वास्थ्य सेवामा सुशासनलाई मध्यनजर गरी सहभागिता र सामाजिक जवाफदेहिता सुनिश्चित गर्दै सेवाग्राही मैत्री स्वास्थ्य सेवालाई सुदृढिकरण गर्न सहयोग तथा सहजीकरण गर्ने ।
- विद्युतीय स्वास्थ्य E-Health को आवधारणालाई स्थानीय स्तरमा विकास गरी क्रमशः लागु गर्दै जाने, सोको कार्यान्वयनका लागि गाउँपालिका अन्तर्गतका गाउँपालिका स्वास्थ्य समिति र स्वास्थ्य शाखासँग आवश्यक समन्वय र सहकार्य गर्ने ।
- केन्द्र, प्रदेश र स्थानीय सकारले चलाएका स्वास्थ्य सम्बन्धि कार्यक्रम तथा अभियानहरुलाई सफल पार्न आवश्यक कार्य गर्ने ।
- स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिका अन्य काम, कर्तव्य अधिकार र बैठक सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।
- स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको कार्यकाल पाँच वर्षको हुनेछ ।

- स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको कार्यकाल पाँच वर्षको हुनेछ ।
- व्यवस्थापन समितिको म्याद सकिनु भन्दा एक महिना अगावै नयाँ व्यवस्थापन समितिको गठन गरी बहालवाला व्यवस्थापन समितिले पदभार हस्तान्तरण गर्नु पर्नेछ । यसो हुन नसकेमा व्यवस्थापन वा समिति गठन विवादित भएमा तोकिए बमोजिम व्यवस्थापन समितिको गठन स्वास्थ्य समितिको सिफारिसमा कार्यपालिकाले गर्नेछ ।
- कुनै पनि व्यक्ति एक भन्दा बढी स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिमा रहन सक्ने छैन ।  तर पदेनका हकमा यो लागु हुने छैन ।

**१२. बैंक खाता सञ्चालन**

हरेक स्वास्थ्य संस्थाले बैंक खाता खोल्न सक्नेछ ।

- स्वास्थ्य संस्थाको बैंक खाता व्यवस्थापन समितिको अध्यक्ष र सदस्य सचिवको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।
- उपदफा (२) बमोजिमको लेखा व्यवस्थापन र लेखा परिक्षण गाउँपालिकाले तोके बमोजिम हुनेछ ।

**१३. स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समीति विघटन गर्न सकिनेछ ।**

- कुनै पनि स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिले तोकिएको जिम्मेवारी पूरा गर्न नसकेको भनी गाउँपालिकाले स्वास्थ्य समितिले कारण सहित कार्यपालिकामा सिफरिस गरेमा सो को कारण खुलाई कार्यपालिकाले तोकिएको प्क्रिया पुरा गराई स्वास्थ्य शाखा संस्था सञ्चालन व्यवस्थापन समितिलाई विघटन गर्न सक्नेछ । तर यसरी विघटन गर्नु अघि स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिलाई आफ्नो सफाई पेश गर्ने मनासिव मौका दिइनेछ ।
- उपदफा (२) बमोजिम स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समीति विघटन भएपछि अर्को समिति गठन नभए सम्म वा अन्य कुनै कारणले समिति गठन नभएसम्म कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

**१४. स्वास्थ्य संस्था सञ्चालन कार्यविधि**

- यो ऐन तथा प्रचलित कानुनको अधिनमा रही प्रत्येक स्वास्थ्य संस्थाले आफ्नो लक्ष्य मान्यता, सञ्चालन प्रक्रिया, सेवा लिन आउने नागरिकले पाउने सेवाको विवरण लगायतका अन्य सान्दर्भिक विषयवस्तु समावेश गरिएको कार्यविधि पारित गराई स्वास्थ्य सेवा समन्वय समितिको स्वीकृतिमा लागु गर्नुपर्नेछ ।
- कार्यविधि अनुसार स्वास्थ्य संस्था सञ्चालन गर्न सहयोग पुऱ्याउनु स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति तथा अन्य बसेको कर्तव्य हुनेछ ।
- कार्यविधिको पारित भएको मितिबाट १ महिनाभित्र गाउँपालिका स्वास्थ्य समिति मार्फत कार्यपालिकामा पेश गरी स्वीकृति लिनु पर्नेछ ।

## परिच्छेद-३

## स्वास्थ्यकर्मी तथा स्वास्थ्य सेवा सम्बन्धि व्यवस्था

**१५. कर्मचारी व्यवस्थापन**

- स्वास्थ्य संस्थामा हाल कार्यरत कर्मचारीहरु स्वास्थ्य सेवा ऐन, २०५३ बमोजिम नै हाललाई कार्यरत रहेको मानिनेछ ।

- उपदफा (१) बमोजिम कार्यरत कर्मचारीहरु नेपाल सरकारले गरेको निर्देशन र कर्मचारी समायोजन ऐन बनेपछि सोही बमोजिम हुने गरी व्यवस्था गरिनेछ ।
- स्थानीय स्रोतबाट करारमा भर्ना गरी कार्यरत कर्मचारीको सेवा, सर्त र सुविधा गाउँपालिकाले तोके बमोजिम हुनेछ ।
- गाउँपालिका भित्रका सरकारी स्वास्थ्य संस्था र्फात आधारभूत स्वास्थ्य सेवा प्रवाहका लागि ४ प्रकारका स्वास्थ्यकर्मीहरु रहनेछन् ।
  - स्थायी: गाउँपालिकाको सेवामा रहेको नेपाल सरकारकृ स्वास्थ्य सेवाबाट समायोजन भई आएका स्वास्थ्यकर्मीहरु,
  - करार: स्थानीय माग र विशिष्टताका आधारमा गाउँपालिका मार्फत करार सेवामा भर्ना गरिएको स्वास्थ्यकर्मीहरु,
  - अभ्यासकर्ता: स्थानीय स्तरमा खुलेका स्वास्थ्य अध्ययन संस्थामा अध्ययनरत विद्यार्थीहरु एवं गाउँपालिका आंशिक वा पूर्ण छात्रवृत्तिमा अन्यत्र गई स्वास्थ्य शिक्षा आर्जन गरेका विद्यार्थीहरुलाई अभ्यासकर्ता स्वास्थ्य कर्मीको रुपमा गाउँपालिकाले भर्ना गर्न सक्नेछ । यो अभ्यासकर्तालाई बढीमा १ वर्षको लागि भर्ना गर्न सक्नेछ ।
  - स्वास्थ्य अभियानकर्ता र महिला स्वास्थ्य स्वयंसेविकाहरु ।

**१६. स्वास्थ्य अभियानकर्ता तथा महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाको व्यवस्था**

पहुँचमा पुऱ्याउन र जनचेतना फैलाउन गाउँपालिकाले स्वास्थ्य आमा समुहको छनौटमा वठा समितिको सिफारिसमा तथा महिला स्वास्थ्य स्वयंसेविकाहरु नियुक्त गर्न सक्नेछ । गाउँपालिका स्वास्थ्य समितिको सिफारिसमा गाउँपालिकाले तोकिएको प्रक्रिया पुरा गरी स्वास्थ्य अभियानकर्ता नियुक्ति गरी परिचालन गर्न सक्नेछ ।

- महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका नियुक्तिका लागि २१ वर्ष पुरा भई ३५ बर्ष ननाघेका सम्बन्धित वडाको विवाहित महिला हुनुपर्नेछ ।
- एउटा वडामा प्रति १००० जनसंख्याको लागि जना १ महिला सामुदायिक स्वास्थ्य स्वयं सेविका रहने गरी स्वास्थ्य आमा समुह र वडा सर्मितिले गाउँपालिका स्वास्थ्य समिति समक्ष सिफारिस गर्नुपर्नेछ ।
- प्रत्येक स्वयं सेविकाले आधारभूत स्वास्थ्य सम्बन्धि १८ दिनको तालिम प्राप्त गरेको हुनुपर्छ । गाउँपालिका र स्वास्थ्य संस्थाहरुले आवश्यकता अनुसार तालिम तथा अभिमुखीकरण प्रदान गर्नेछ ।
- यसभन्दा पहिलेदेखि नै कार्यरत महिला स्वास्थ्य स्वयं सेविकाहरु ५८ वर्ष उमेर पुगेकालाई प्रोत्साहन भत्ताको व्यवस्था गरी स-सम्मान गरिनेछ र नयाँ नियुक्त

गर्दा कम्तिमा एस.एल.सी./एस.ई.ई. उत्तीर्ण वा सो सरहलाई मात्र नियुक्ति दिईनेछ ।

- कुनै पनि संस्थामा कार्यरत तलवी कर्मचारी, शिक्षक, निर्वाचित जनप्रतिनीधिले महिला सामुदायिक स्वास्थ्य स्वयं सेविको रुपमा कार्य गर्न पाईने छैन ।
- प्रत्येक ५ वर्षमा स्वास्थ्य आमा समुहको अनुरोध र वडा समीतिको सिफारिसमा ५८ वर्षको उमेरसम्म आफ्नो सेवा प्रदान गर्न सक्ने छन् । सिफारिस नभएमा वा ५८ वर्ष पुरा भएपछि स्वतः पदमूक्त हुनेछ ।

## १७. स्वास्थ्यकर्मीको सेवा सुविधा

- स्थायी स्वास्थ्यकर्मीः नेपाल सरकारले तोकेको स्केल बमोजिम तलब र गाउँ कार्यपालिकाले तोके बमोजिम अन्य सेवा सुविधा उपलब्ध हुनेछ ।
- करार स्वास्थ्यकर्मीः प्रचलित तलब स्केल र दुई पक्षबीचको समझदारीमा भएको करार सम्झौता बमोजिमको सेवा सुविधा उपलब्ध गराउन सकिनेछ ।
- अभ्यासकर्ता स्वास्थ्यकर्मीः निर्वाह भत्ताको रुपमा सम्बन्धित तहका स्वास्थ्यकर्मीले पाउने मासिक तालब स्केलको दुई तिहाई रकमसम्म उपलब्ध गराउन सकिनेछ ।
- महिला सामुदायिक स्वास्थ्य स्वयं सेविका : पोशाक, वार्षिक रुपमा तोकिए बमोजिम सञ्चार तथा यातायात खर्च, स्वास्थ्य संस्थालाई आवश्यकता परेको बखत काममा खटाईएका सो दिनको तोकिए बमोजिमको पारि?मिक, स्वास्थ्य सेवा सम्बन्धि अभियानमा खटाईएको समयमा दिईने पारिश्रमिक जस्ता सुविधाहरु उपलब्ध गराउन सकिनेछ ।
- स्वास्थ्यकर्मीको विदा र सेवा सुविधा सम्बन्धि अन्य व्यवस्था प्रचलित कानुन बमोजिम हुनेछ ।

## १८. स्वास्थ्यकर्मीको दरबन्दी निर्धारण, नियुक्ति, बढुवा र सरुवा

सरकारी स्वामित्वका स्वास्थ्य संस्थाहरुमा आवश्यक स्वास्थ्यकर्मीको न्यनुतम दरबन्दी नेपाल सरकारले  निर्धारण गरे बमोजिम हुनेछ । आवश्यकताको आधारमा गाउँ कार्यपालिकाले थपघट गर्नेछ ।

- नेपाल सरकारले निर्धारण गरेको दरबन्दी अनुसारका पदहरुमा नेपाल सरकारबाट समायोजन भई आएका स्थायी स्वास्थ्यकर्मीहरु रहनेछन् । समायोजन भई नआएमा वा थप कर्मचारीको आवश्यकता परेमा गाउँपालिकाको निर्णय अनुसार गाउँपालिकाको करार कर्मचारी छनौट समितिले गर्नेछ ।

- स्वास्थ्य संस्थामा रिक्त, करार, स्वास्थ्यकर्मी, कर्मचारी तथा स्वास्थ्य कार्यकर्ताको नियुक्तिको व्यवस्था कार्यपालिकाको निर्णय अनुसार गाउँपालिकाको करार कर्मचारी छनौट समितिले गर्नेछ ।
- गाउँपालिका भित्र सरुवाका लागि निवेदन दिने स्थायी, अस्थायी, करारमा कार्यरत स्वास्थ्यकर्मी, कर्मचारी तथा स्वास्थ्य कार्यकर्ताको सरुवा तथा पदस्थापना सरुवा भएर जाँदा र आउँदा सेवाग्राहीले पाउनु पर्ने सेवामा बाधा नपर्ने गरी आवश्यकता र औचित्यको आधारमा तोकिए बमोजिमको प्रक्रिया अपनाई अध्यक्षको परामर्शमा प्रमुख प्रशासकीय अधिकृतले सरुवा गर्न ।
- उपदफा (३) बमोजिम सरुवा गर्दा दरबन्दी अनुसारका पदहरुमा कार्यरत स्थायी कर्मचारीहरुको हकमा सोही दरवन्दी भएको ठाउँमा मात्र गर्न पाईनेछ ।
- संघ, तथा प्रदेश लोकसेवा आयोगबाट सफल भई सिफारिस भएमा स्वास्थ्यकर्मी, कर्मचारी तथा स्वास्थ्य कार्यकर्तालाई प्रमुख प्रशासकीय अधिकृतले विषय मिल्ने गरी स्थायी नियुक्ति दिई काम लगाउनु पर्नेछ ।
- स्वास्थ्यकर्मीको सरुवा, बढुवा सम्बन्धि अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

## १९. कार्यसम्पादन करार सम्झौता गर्नुपर्ने

स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन देहाय अनुसार कार्य सम्पादन करार सम्झौताको प्रक्रिया अवलम्बन गर्नुपर्नेछ ।

- गाउँपालिका अध्यक्षको रोहवरमा प्रमुख प्रशासकीय अधिकृतले स्वास्थ्य शाखा हेर्ने अधिकृतसँग उक्त अधिकृतले स्वास्थ्य सस्थाका प्रमुखहरुसँग र प्रमुखले अन्य कर्मचारीहरुसँग कार्य सम्पादन करार सम्झौता गर्नुपर्नेछ ।
- कार्य सम्पादन करार सम्झौता ६ महिनाको हुनेछ । करार सम्झौता अनुसार काम भए नभएका मूल्याङ्कन प्रमुख प्रशासकीय अधिकृतले आर्थिक वर्षको अन्त्यमा तयार गरी कार्यपालिका समक्ष पेश गर्नुपर्नेछ ।
- वार्षिक कार्य सम्पादन करारका सुचकहरु निर्धारण गर्ने कार्य स्वास्थ्य अनुगमन समितिले तय पारी गाउँ कार्यपालिकामा पेश गर्नु पर्नेछ ।
- चिकित्सक, चिकित्सा सहायक एवं सहयोगी तथा सो सँग सम्बन्धित प्राविधिक कर्मचारीलाई अन्य काममा लगाउन पाईने छैन ।
- उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भएता पनि स्वास्थ्य सेवामा बाधा नपर्ने गरी संघिय, प्रदेश र गाउँपालिकाले बनाएको स्वास्थ्य सम्बन्धि ऐन नियममा

अन्यथा भए बाहेक गाउँपालिकाले गाउँपालिका क्षेत्रभित्र स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीलाई समान पदमा काजमा खटाउन तथा सरुवा गर्न सक्नेछ ।

- उपदफा (१) अनुसार नियुक्त हुनेको योग्यता र सेवा सर्त सुविधा प्रचलित कानुन बमोजिम हुनेछ ।
- अन्यत्र जेसुकै कुरा लेखिएता पनि आफ्नो क्षमता र कामका आधारमा कार्यपालिकाले तयार गरेको सेवा सुविधा र सर्तहरु करारमा उल्लेख गरी करार कर्मचारी नियुक्ति गर्न सकिनेछ ।

## २०. पदीय आचरण तथा अन्य व्यवस्था

- देहायका अवस्थामा स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मी, कर्मचारी तथा स्वास्थ्य कार्यकताएलाई पदबाट हटाउन गाउँपालिकाको स्वास्थ्य समितिले कार्यपालिका समक्ष सिफारिस गर्नेछ । सो उपर अनुगमन प्रतिवेदनका आधारमा कार्यपालिकाले सेवाबाट बर्खास्त गर्न सक्नेछ ।
  - तोकिए बमोजिम पदीय दायित्व पुरा नगरेमा,
  - विना सुचना लगातार पन्ध्र दिनभन्दा बढी समय तोकिएको स्वास्थ्य संस्थामा अनुपस्थित भएमा,
  - स्वास्थ्य संस्थामा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाीित भएमा,
  - नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय भएमा,
  - कार्यालय समयमा अन्यत्र सेवा वा अन्य व्यवसायिक क्रियाकलाप गरेमा,
  - राजनैतिक दलको कार्यकारिणी समितिमा रहेको पाईएमा,
  - व्यवसायिक हकहितका नाममा सुक्ष्म रुपमा अमूक राजनैतिक दलको मात्र हित वा विरोधमा कार्य गर्ने संगठनका गतिविधिमा कार्यालयको समयमा संलग्न भएमा,

  स्पष्टीकरणः यस खण्डको प्रयोजनका लागि कार्यकारिणी समीित भन्नाले राजनैतिक दलको विधान बमोजिम गठित केन्द्रीयस्तर, प्रदेशस्तर, जिल्लास्तर वा स्थानीय स्तरका कार्यकारिणी समिति सम्झनुपर्दछ ।

(२) उपदफा (१) बमोजिम वा अन्य माध्यमले कुनै स्वास्थ्यकर्म वा कर्मचारीलाई पदबाट हटाउनु पर्नेकारणको आवश्यक प्रमाण प्राप्त भएमा गाउँपालिकाले निजलाई पदबाट हटाउन सक्नेछ, तर पदबाट हटाउनु अघि मनासिव माफिकको स्पष्टीकरणको मौका प्रदान गरिनेछ ।

**२१. अदालतको आदेशबाट पुनःबहाली हुनसक्ने:**

(१) दफा (२२) मा उल्लेख भएका कुनै आरोप वा अन्य कुनै आरोपमा सजाय भै नोकरीबाट हटाइएको वा बर्खास्त भएको स्वास्थ्यकर्मी, कर्मचारी अदालतको आदेश वा फैसला बमोजिम मात्र नाकरीमा पुनःबहाल हुन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पुनः बहाली भएको स्वास्थ्यकर्मी, वा कर्मचारीले नोकरीबाट हटेको दिनदेखि पुनःबहादी भएको मितिसम्मको पुरा तलब, भत्ता, तलब वृघि तथा अन्य सुविधा पाउन योग्य भए सो समेत पाउनेछ ।

**२२. तलब भत्ता नपाउने र सेवा अवधि गणना नहुने**

नियमानुसार विदा स्वीकृत गराई बसेको अवस्था र दफा २३ को उपदफा (२) बमोजिम बाहेक आफु कार्यरत रहेको स्वास्थ्य संघसंस्थामा अनुपस्थित रहेका बेतलवी विदामा रहेका स्वास्थ्यकर्मी, कर्मचारी तथा स्वास्थ्य कार्यकर्ताले अनुपस्थित अवधिको तलब भत्ता तथा अन्य सुविधा पाउने छैन र सो अवधि सेवामा गणना समेत हुनेछैन ।

**२३. स्थायी आवासीय अनुमति लिन नुहुने**

गाउँपालिकाको स्वामित्व रहेको स्वास्थ्य संस्थामा कार्यरत ुनै स्वास्थ्यकर्मी तथा कर्मचारीले कुनै पनि देशको स्थायी आवासीय अनुमति लिन पाईने छैन । स्थायी आवासीय अनुमति लिएका स्वास्थ्यकर्मी तथा कर्मचारीलाई सेवाबाट बर्खास्त/खारेज गरी थप दण्ड तथा सजाय तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-४

## स्वास्थ्य संस खोल्न अनुमति वा स्वीकृति र खारेजी सम्बन्धि व्यवस्था

**२४. स्वास्थ्य संस्था खोल्न अनुमति लिनुपर्ने**

- नेपाली नागरिक, संस्था, निकाय र समुदायले सामुदायिक वा निजी स्वास्थ्य संस्था खोल्न र स्वास्थ्य व्यवसाय सञ्चालन गर्न चाहेमा तोकिएको विवरण खुलाई गाउँपालिकामा तोकिएका प्रक्रिया पूरा गरी अनुमतिका लागि निवेदन दिनु पर्नेछ ।
- उपदफा (१) बमोजिम निवेदन परेमो सो निवेदन उपर गाउँपालिकाले आवश्यक जाँचबुझ गरी जाँचबुझ गर्दा निजी स्वास्थ्य संस्था खोल्न तथा स्वास्थ्य व्यवसाय सञ्चालन गर्न अनुमति दिन मनासिव देखिएमा तोकिएको सर्त बन्देव पालना गर्ने गरी स्वास्थ्य संस्था तथा व्यवसाय स्वास्थ्य सञ्चालन गर्न अनुमति गाउँपालिकाको स्वास्थ्य समीतिको सिफारिसका आधारमा कार्यपालिकाले

अनुमति दिनेछ । गाउँपालिकाले आफै स्वास्थ्य संस्था खोल्न आवश्यक ठानेमा गाउँपालिकाको स्वास्थ्य समितिको सिफारिसका आधारमा कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

- उपदफा (२) बमोजिम अनुमति लिई खोलिएको स्वास्थ्य संस्था तथा स्वास्थ्य व्यवसायले तोकिएको सर्त बन्देव पालन गरेको देखिएमा गाउँपालिकाको स्वास्थ्य समितिको सिफारिसमा कार्यपालिकाको निर्णयले स्वीकृति प्रदान गर्नेछ ।
- गाउँपालिकाको स्वामित्वमा रहने बाहेकका अन्य कुनै पनि स्वास्थ्य संस्था र स्वास्थ्य व्यवसाय सरकारी वा सार्जजनिक जग्गा भवनमा सञ्चालन गर्न पाउने अनुमति दिईने छैन ।
- आयव्ययको लेखा तोकिए बमोजिम खडा गरी मान्यता प्राप्त लेखा परिक्षकबाट लेखा परिक्षण गराउनु पर्ने,
- बमोजिम सञ्चालित स्वास्थ्य संस्था र स्वास्थ्य व्यवसायले पालना गर्नु पर्ने सर्त तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।
- नेपाल सरकारको प्रचलित कानुन बमोजिम अनुमति स्वीकृति प्राप्त गरी सञ्चालनमा रहेको हाल मानेभन्ज्याङ गाउँपालिकाको क्षेत्राधिकार भित्र पर्ने स्वास्थ्य संस्था र स्वास्य वयवसाय यसै ऐन अनुसार स्थापना भएको मानिनेछ । त्यस्ता संस्थाहरुले यो ऐन जारी भएको मितिले (३ महिना भित्र) दर्ता नियमित गर्न/गराउन कार्यपालिकामा तोकिएको ढाँचामा सम्पूर्ण विवरण सहितको निवेदन पेश गर्नुपर्नेछ ।
- स्वास्थ्य संस्था र स्वास्थ्य व्यवसाय दर्ता तथा सञ्चालन प्रचलित कानन र तोकिए बमोजिम हुनेछ ।

**२५. अनुमति वा स्वीकृति रद्ध गर्ने ।**

उपदफा (२) र (३) बमोजिम खोलिएका कुनै पनि नीजी, सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले स्वास्थ्य संस्था तथा स्वास्थ्य व्यवसायबाट यो ऐन र अन्तर्गत बनेको नियमावली विपरीत अन्य कुनै काम गरेमा गाउँपालिकाले त्यस्तो कुनै निजी स्वास्थ्य प्रदान गरेको अनुमति वा स्वीकृति गाउँपालिकाको समीतिको स्वास्थ्य सिफारिसमा रद्ध गर्न सक्नेछ । तर त्यसरी अनुमति वा स्वीकृति रद्ध गर्नु अघि सफाई पेश गर्ने मौका दिईनेछ । खारेजी उपर चित्त नबुझे न्यायि समीतिमा उजुरी लाग्नेछ ।

## परिच्छेद-५
## स्वास्थ्य संस्था स्थापना र सञ्चालन सम्बन्धि मापदण्ड

### २६. अस्पताल तथा स्वास्थ्य संस्था सञ्चालन मापदण्ड

- अस्पताल : गाउँपालिका आफैले तोकिएको मापदण्डमा ५ शैयासम्म क्षमताको अस्पताल सञ्चालन गर्न सक्नेछ । यस्तो अस्पताल सञ्चालन गर्न गाउँपालिकाले अस्पताल सञ्चालन नियमावली तर्जुमा गरी सञ्चालन गर्नेछ ।
- स्वास्थ्य चौकी : गाउँपालिकाले प्रत्येक वडा अर्थात जनसंख्याको अनुपातमा कम्तिमा देहायका पूर्वाधार पूरा गरी स्वास्थ्य चौकी वा आधारभूत स्वास्थ्य सेवा केन्द्र सञ्चालन गर्नुपर्नेछ ।
    - जनशक्ति : नेपाल सरकारबाट तोकिएको न्यूनतम मापदण्ड बमोजिमको दरबन्दी अनुसारको जनशक्ति रहनेछ । आवश्यकता अनुसार गाउँपालिकाको थप मापदण्ड र जनशक्ति थपघट गर्न सक्नेछ ।
    - भवन कोठा : प्रशासन कक्ष, औषधि भण्डारण तथा वितरण कक्ष, प्रागमिक उपचार कक्ष जस्ता सुविधा सहितको भवन ।
    - उपकरण : प्राथमिक उपचारका आधारभूत उपकरण ।
- आयुर्वेद तथा वैकल्पिक चिकित्सा केन्द्र : गाउँपालिका क्षेत्र भित्र जडिबुटी, प्राकृतिक चिकित्सा योगा, ध्यान लगायतका रोधथाम मूलक र वैकल्पिक चिकित्सा सेवाको प्रवर्द्धनका लागि समुदाय वा ट्रष्टहरुसँग साझेदारीमा वा गाउँपालिका आफैले कम्तिमा एउटा आयुर्वेद र प्राकृतिक चिकित्सा केन्द्रको स्थापना र सञ्चालन गर्नुपर्नेछ ।
- जनशक्ति नेपाल सरकारबाट तोकिएको दरवन्दी अनुसारको जनशक्ति हुनेछ । गाउँपालिकाले थप जनशक्ति ताक्न सक्नेछ ।
- भवन कोठा : प्रशासन कक्ष, औषधि भण्डारण तथा वितरण कक्ष, प्राथमिक उपचर कक्ष, पूर्वकर्म कक्ष जस्ता सुविधा सहितको भवन ।

### २७. निजी क्षत्रले अस्पताल सञ्चालन गर्न सक्ने ।

- गाउँपालिका क्षेत्रभित्र निजी क्षेत्र तथा ट्रष्ट वा लोककल्याणकारी संस्थाद्धारा अस्पताल सञ्चालन गर्न चाहेमा ५ शैया सम्मको सञ्चालन अनुमति गाउँपालिकाले दिन सक्नेछ ।
- उपदफा (१) बमोजिम अस्पताल सञ्चालन गर्न चाहने नियकाले अनुमतिको लागि तोकिएको ढाँचामा गाउँपालिका मापदण्ड अनुसार निवेदन दिनुपर्नेछ ।

- स्वास्थ्य अनुगमन समितिले प्राप्त निवेदन उपर छलफल तथा आवश्यक अनुगमन गरी तोकिएको मापदण्ड पुरा गरेमा अस्पताल सञ्चालनको स्वीकृति प्रदान गर्न सक्ने गरी पत्र आशय प्रदान गर्न गाउँ कार्यपालिकालाई सिफारिस गर्नेछ ।
- उपदफा (३) को आधारमा गाउँ कार्यपालिकाले दुई वषभित्र तोकिएको मापदण्ड पुरा गरेमा अस्पता सञ्चालनको स्वीकृति प्रदान गर्न सकिने प्रकारको आशय पत्र प्रदान गर्नेछ ।
- तोकिएको समयसीमा भित्र यसै ऐन बमोजिम तोकिएको पूर्वाधार तयार गरी स्वीकृतिका लागि गाउँ कार्यपालिकामा निवेदन दिनु पर्नेछ ।
- उपदफा (५) बमोजिमको निवेदन उपर आवश्यक अनुगमन गरी तोकिएको मापदण्ड पुरा गरेका डहर भएमा अस्पताल सञ्चालनको अनुमति प्रदान गर्न सक्नेछ ।
- आशयपत्रमा उल्लेख गरिएको समय सीमा भित्र तोकिएको मापदण्ड पुरा गरेको नपाइएमा स्वीकृति प्रदान गरिने छैन ।
- गाउँपालिका क्षेत्रमा सञ्चालित सबै निजी स्वास्थ्य संस्थाहरुको अनुगमन र नियमन गर्न सक्नेछ ।

**२८. अस्पताल सञ्चालन गर्न आवश्यक मापदण्ड :**

गाउँपालिकाको स्वीकृतिमा सञ्चालन हुने अस्पतालहरुले देहाय अनुसारको मापदण्ड पुरा गर्नुप

- जनशक्तिः कम्तिमा २ जना MBBS डाक्टर, कम्तिमा ४ जना स्टाफ नर्स, कम्तिमा १ जना ल्याब टेक्निसियन, ४ जना अ.हे.व. ४ जना अ.न.मि. र ४ जना कार्यालय सहयोगी ।
- भवन तथा कोठाः दर्ता चलानी, बहिरंग सेवा, इमर्जेन्सी कक्ष, प्रयोगशाला, भर्ना भएका विराम राख्ने क्याविन, नर्सिङ कक्ष, पार्किङ, मेसिफा हुनुपर्ने ।
- उपकरण र पूर्वाधार : सडक नेटवर्कले जोडिएको, एम्बुलेन्स सेवाको उपलब्धता, विरामी राख्ने लाई सपोर्ट सिस्टम, २४ घण्टा विद्युत र खानेपानी सेवा भएको, अक्सिजनको व्यवस्था, चिकित्साजन्य फोहोर व्यवस्थापनको प्रणाली भएको हुनुपर्नेछ ।
- अन्य पूर्वाधारहरु तोकिए बमोजिम हुनेछ ।
- गाउँपालिकाले थप मापदण्ड तोकि लागु गर्न सक्नेछ ।

## २९. पोलिक्लिनिक सञ्चालनको अनुमति

गाउँपालिकाले आफ्नो कार्यक्षेत्रमा कुनै व्यक्ति वा संस्थाले पोलिक्लिनिक सञ्चालन गर्न चाहेमा तोकिएको मापदण्ड पूरा गरी स्वीकृति लिनु पर्नेछ ।

## ३०. मेडिकल प्रयोगशाला सञ्चालन

व्यक्ति वा कुनै संस्थाले प्रयोगशाला सञ्चालन गर्न चाहेमा देहाय बमोजिमको विवरण सहित गाउँपालिकाबाट स्वीकृति लिन पर्नेछ ।

- सञ्चालकको विवरण र नागरिकताको प्रमाणपत्र,
- प्रयोगशाला सञ्चालन गर्ने स्थान, घरधनी र सञ्चालकबीचको घरभाडा सम्बन्धि सम्झौता पत्र,
- प्याथोलोजी विषय मान्यता प्राप्त शिक्षण संस्थाबाट न्यूनतम १५ महिना अध्ययन गरी स्वास्थ्य व्यवसायी परिषदबाट लाईसेन्स प्राप्त गरेको व्यक्तिको प्रमाणपत्र र काम गर्न इच्छुक भएको पत्र ।
- ल्याबमा उपलब्ध हुने परिक्षणको प्रकार,
- ल्याबाट प्रयोग हुने न्यूनतम उपकरणहरुको विवरण,
- प्रस्तावित लागत

## ३१. फार्मेसी सञ्चालनको अनुमति

फार्मेसी सञ्चालन गर्ने व्यक्ति वा फर्मले गाँपालिकामा अनुमतिको लागि निवेदन पेश गर्दा तोकिएको मापदण्ड पूरा गरी औषधि वयवस्था विभागबाट स्वीकृति लिएका फार्मेसी सञ्चालन अनुमतिपत्र पेश गर्नुपर्नेछ ।

## ३२. मापदण्ड पूरा नगरेमा सजाय हुने

- स्वास्थ्य संस्था, प्रयोगशाला, फार्मेसी जस्ता स्वास्थ्य सेवा सञ्चालनको स्वीकृति लिदा तोकिएको मापदण्ड पुरा नभएको तर झुक्याएर विवरण दिएको वा अस्थायी रुपमा मापदण्ड पुरा गरेको पाईएमा अनुगमन समीतिले अनुगमन गरी सचते गराउने तोकिए बमोजिम जरिवाना गराउने तथा स्वीकृति खारेजीको लागि गाउँपालिकामा सिफारिस गर्न सक्नेछ ।
- प्रयोगशालामा तालिम प्राप्त ल्याब टेक्निसियन बोहकका व्यक्तिले रगत, दिसापिसाब, खकार लगायतको परिषणमा संलग्न भएको पाईएमा त्यस्तो प्रयोगशाला बन्द गराउन सक्ने, सञ्चालकलाई कालो सूचीमा राखि सोको आम जनतालाई जानकारी दिनईनेछ ।

- फार्मेसीको हकमा दर्तावाला सञ्चालक र फार्मेसी प्राविधिक बाहेक अरुले औषधि बेचेको पाईएमा तोकिए बमोजिम जरिवाना तिराउने देखि अनुमति खारेज गर्न सकिनेछ ।

**३३. सहुलियत र छुटको व्यवस्था गर्नुपर्ने**

निजी लगानी र ट्रष्ट मार्फत सञ्चालनमा आएका स्वास्थ्य सस्थाहरुले कूल शैयाको कम्तिमा १० प्रतिशत शैया गाउँपालिकाको सिफारिसमा तोकिए बमोजिम सेवाग्राहीहरुका लागि निःशूल्क सेवाका लागि छुट्याउनु पर्नेछ ।

**परिच्छेद-६**

**कोष, शूलक तथा स्वास्थ्य संस्थाको सम्पत्ति सम्बन्धि व्यवस्था**

**३६. स्वास्थ्य सेवा विकास कोष**

- स्वास्थ्य संस्थाका भौतिक पूर्वाधार विकासमा सहयोग पुर्‍याउन तथा त्यस्ता संस्थामा अभिवृद्धि गर्न गाउँपालिकामा एउटा स्वास्थ्य सेवा विकास कोष रहनेछ । कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ ।
- उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहने छन् ।
    - नेपाल सरकारबाट प्राप्त अनुदान रकम,
    - प्रदेश सरकारबाट प्राप्त अनुदान रकम,
    - गाउँपालिकाको विनियोजन कोष रकम,
    - निजी स्वास्थ्य संस्थाबाट प्राप्त तोकिए बमोजिमको रकम,
    - चन्दावा दान दातव्ययबाट प्राप्त रकम,
    - अन्य स्रोतबाट प्राप्त रकम,

**३४. स्वास्थ्य संस्था कोष**

- प्रत्येक स्वास्थ्य संस्थामा एउटा कोष रहनेछ, जसमा देहाय बमोजिमका स्रोतबाट प्राप्त रकम सो कोषमा दाखिला हुनेछ ।
- नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाबाट प्राप्त अनुदान रकम,
- गाउँ कार्यपालिकाको स्वास्थ्य कोषबाट प्राप्त अनुदान,
- शुल्क तथा सहयोगबाट प्राप्त रकम,
- चन्दा वा दान दात व्ययबाट प्राप्त रकम,
- अन्य स्रोतबाट प्राप्त रकम,

(२) उपदफा (१) बमोजिमको कोषको सञ्चालन र लेखापरिक्षण तथा सार्वजनिक परीक्षण तोकिए बमोजिम हुनेछ ।

## ३५. शुल्क सम्बन्धि व्यवस्था

- नेपाल सरकारले घोषणा गरेको निःशूलक आधारभूत स्वास्थ्य सेवामा गाउँपालिकामा मातहतका कुनै पनि स्वास्थ्य संस्थाबाट कुनै पनि किसिमको शुल्क लिन पाँने छैन ।
- उपदफा (१) मा जुनसुकै कुरा लेखिएको एतापनि कसैले आफ्नो इच्छाले दिएको दान, उप चन्दा वा सहयोग स्वास्थ्य संस्गाले लिन सक्नेछ । यसरी प्राप्त स्रोतको स्पट अभिलेख राख्नुपर्छ ।
- गाउँपालिकाको स्वामित्वमा भएको स्वास्थ्य संस्थाबाट निःशूल्क स्वास्थ्य सेवा प्रदान गर्नका लागि गाउँपालिकाले आवश्यक स्रोतको व्यवस्था गर्नेछ ।
- उपदफा (१) मा जुनसुकै कुरा लेखिता पनि स्वास्थ्य सेवा प्रदान गर्नका लागि तोकिएको बाहेकका सेवा दिन गाउँपालिकाले आफ्नो पहलमा थप सेवा दिँदा स्रोत र सामर्थ्य नपुगि सेवा तथा वस्तु खरिद, उपयोग, सञ्चालन व्यवस्थापनका लाीग आवश्यक शुल्क निर्धारण गरी लागु गर्ने, गराउन सक्नेछ ।
- उपदफा (१) बमोजिम निःशूल्क स्वास्थ्य घोषणा गरेको स्वास्थ्य संस्था बाहेक अन्य स्वास्थ्य संस्थामा सेवा र गुणस्तरको आधारमा शूल्क निर्धारण गरी गाउँपालिकाको स्वीकृतिमा लागु गरिनेछ ।
- विरामी तथा सेवाग्राहीसँग लिने शूल्क गाउँपालिकाबाट स्वीकृत गराई निर्धारण गर्नु पर्नेछ शूल्क निर्धारण सम्बन्धमा स्वीकृति लिँदा उपलब्ध गराए वापतको सुविधाको आधारमा दिइनेछ ।
- यस ऐन विपरीत शुल्क लिने स्वास्थ्य संस्थालाई लिएको शूल्कको प्रकृति हरी पहिलो पटकमा दश हजार रुपैयाँ देखि एक लाख रुपैयाँ सम्म जरिवाना र दोहोरिदै गएमा प्रत्येक पटक दोब्बर जरि गर्न सक्नेछ ।

## ३६. नीजी स्वास्थ्य संस्थाले निःशूल्क उपचारको व्यवस्था गर्नुपर्ने ।

- नीजी स्वास्थ्य संस्था (निजी लगानी रहेका अस्पताल, क्लिनिक, नर्सिङ्गहोम, वैद्यखाना, सुधारकेन्द्र, अनुसन्धान केन्द्र/डाइग्नोसिस सेवटर, रक्तसञ्चार केन्द्र आदि) हरुले कुल सेवामा कम्तिमा प्रतिशतमा नघट्ने गरी आर्थिक रुपमा विपन्न, अपाङ्ग, महिला, आदिवासी, जनजाति मधेशी, मुस्लिम दलित वा अल्पसंख्यकहरुलाई निःशूल्क सेवा उपलब्ध गराउनु पर्नेछ ।

- उपदफा (१) बमोजिमको लिइने सेवामा गाउँपालिकाको समितिले स्वास्थ्य आधार सहित सेवाको लागि सिफारिस गर्न सक्नेछ । उक्त सिफारिसलाई प्राथमिकतामा राखेर सेवा दिनु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ ।
- उपदफा (१) बमोजिमको दिइएको सेवाको आधार सहितको विवरण पेश गर्नुपर्नेछ ।
- उपदफा (२) बमोजिम गाउँपालिकामा पेश भएको विवरणमा अन्यथा देखिएमा पुनरावलोकन गर्नु स्वास्थ्य समितिले सम्बन्धित संस्थालाई निर्देशन दिन सक्नेछ । उक्त निर्देशन सम्बन्धित संस्था पालना गर्नु पर्नेछ ।

**३७. स्वास्थ्य संस्थाको सम्पत्ति**

- गाउँपालिकाको स्वामित्वमा आएको र आउने स्वास्थ्य संस्थाको नाममा रहको चल अचल सम्पत्ति गाउँपालिकाको सम्पत्ति हुनेछ । गाउँपालिकाले प्रयोगमा आउने बोहक अन्य सम्पत्ति प्रचलन कानुन बमोजिम बेचविखन गरी प्राप् भएको रकम गाउँपलिकाको स्वास्थ्य सेवा विकास कोषमा जम्मा गर्नेछ ।
- नीजि (नीजि, साभेदारी तथा नीजि, साझेदारी कम्पनी) स्वामित्वमा सञ्चालित संस्थाहरुको सम्पत्ति सम्बन्धित व्यक्ति वा निकायको स्वामित्वमा रहनेछ ।
- नीजि (नीजि, साभेदारी तथा नीजि, साझेदारी कम्पनी) स्वामित्वमा सञ्चालित संस्थाहरुले कुनै व्यक्ति वा संघ संस्थासँग दानदातव्यको रुपमा कुनै किसिमको चल अचल सम्पत्ति प्राप्त गर्नु अघि गाउँपालिकाको पूर्व स्वीकृति लिनु पर्नेछ । तर विदेशी व्यक्ति वा संघ संस्थाबाट त्यसरी चल, अचल सम्पत्ति प्राप्त गर्न गाउँपालिकाका सिफारिसमा संघिय सरकारबाट पूर्व स्वीकृति लिनु पर्नेछ ।
- संघिय सरकारको स्वीकृतिमा प्राप्त गरेको सम्पत्ति संघिय सरकारको स्वीकृति बेगर र गाउँपालिकाको स्वीकृतिमा प्राप्त गरको सम्पत्ति गाउँपालिकाको स्वीकृति बेगर बेचविखन गर्न पाईने छैन ।

**३८. छुट सुविधा**

- सामुदायिक रुपमा सञ्चालित स्वास्थ्य संस्थाको नाममा जुनसुकै लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन ।
- उपदफा (१) मा लेखिएको बाहेक अन्य स्वास्थ्यको नाममा कुनै लिखत पारित गर्दा नेपाल सरकारले तोके बमोजिमको आधारमा रजिष्ट्रेशन दस्तुर लाग्नेछ ।
- सरकारी र सामुदायिक रुपमा सञ्चालित स्वास्थ्य संस्थालाई दिईने अन्य छुट र सुविधा तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-७
## औषधि तथा स्वास्थ्य उपकरणको खरिद, भण्डारण र वितरण सम्बन्धि व्यवस्था

### ३९. वार्षिक खरिद योजना बनाउने पर्ने

- आफ्नो क्षेत्रभित्र वार्षिक रुपमा आवश्यक पर्ने औषधि तथा स्वास्थ्य उपकरणको अनुगमन र खरिद गर्न वार्षिक खरिद योजना बनाई स्वीकृत गराउनु पर्नेछ ।
- वार्षिक खरिद योजना स्वास्थ्य तथा सरसफाई शाखाको सहयोगमा खरिद इकाईले तयार गर्नेछ ।
- औषधि तथा स्वास्थ्य उपकरण खरिदका लागि गाउँपालिका स्वास्थ्य शाखाले प्रक्रिया अगाडी बढाउनेछ ।
- औषधि तथा स्वास्थ्य उपकरण खरिद कार्यमा सार्वजनिक खरिद ऐन २०६३ सार्वजनिक खरिद नियमावली, २०६४ र विषयगत स्थानीय कानुनको प्रावधान अनुसार गर्नुपर्नेछ ।

### ४०. औषधि तथा स्वास्थ्य उपकरणको भण्डारण

- खरिद गरिएको औषधि तथा स्वास्थ्य उपकरणको सुरक्षित भण्डारणको व्यवस्था गाउँपालिका स्वास्थ्य तथा सरसफाई शाखाले मिलाउनेछ ।
- स्वास्थ्य उपकरण र औषधिको खरिद चौमासिक रुपमा गर्नु पर्नेछ । खरिदको परिमाण निार्धरण गर्दा सम्बन्धित वडा समिति वा स्वास्थ्य संस्थाबाट माग गरे बमोजिम २० प्रतिशत नबढ्ने गरी गर्नुपर्नेछ ।
- गाउँपालिकाले खरिद गरेको उपकरण र औषधिको कूल परिमाण र मूलय खरिद मितिको एक हप्ताभित्र सार्वजनिक गर्नुपर्नेछ ।
- सम्बन्धित स्वास्थ्य शाखाले गाउँपालिकाबाट प्राप्त गरेको उपकरण र औषधि तथा औषधि वितरण सम्बन्धि विस्तुत विवरण चौमासिक रुपमा सार्जजनिक र सम्बन्धित समिति मार्फत गाउँपालिकामा बुझाउनु पर्नेछ ।

## परिच्छेद-८
## स्वास्थ्य सेवाको न्यूनतम मूल्य र गुणस्तर, सामाजिक सुरक्षा अनुगमन सम्बन्धि व्यवस्था

### ४१. स्वास्थ्य सेवाको न्यूनतम मूल्य र गुणस्तर तोक्न सक्ने

- गाउँपालिकाले स्थानीय स्तरमा सञ्चालित चिकित्सकीय उत्पादन र स्वास्थ्य सेवाहरुको न्यूनतम मूल्य र गुणस्तर निर्धारण गर्न सक्नेछ । स्थानीय स्वास्थ्य सेवा

अनुगमन समीति मार्फत निर्धारित गुणतर र मूल्य भए नभएको अनुगमन गरी सो अनुरुप कार्य गराउन निर्देशन दिनेछ ।

**४२. सरसफाई स्वच्छताका लागि अनुगमन तथा नियमन**

- गाउँपालिकाले राष्ट्रिय र प्रादेशिक नीति अनुसार स्वास्थ्य वीमा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न आवश्यक सहजीकरण, जनचेतनाका कायएक्रम तथा अभियानहरु सञ्चालन तथा व्यवस्थापन गर्नेछ ।
- आवश्यकता अनुसार अन्य सामाजिक सुरक्षा कार्यक्रमहरु निर्माण गरी सञ्चालन तथा व्यवस्थापन गर्नुपर्नेछ ।

**४३. सरसफाई स्वच्छताका लागि अनुगमन तथा नियमन**

- स्वास्थ्य खानेपानी र खाद्य पदार्थको गुणस्तर एवं वायु ध्वनी प्रदुषण नियन्त्रण गर्न स्वास्थ्य तथा सरसफाई अनुगमन समितिले आवश्यक व्यवस्था मिलाउनेछ ।
- प्रदुषण बणउने उद्योग, संस्थान वा व्यक्तिलाई सो सम्बन्धि सचेत गराउन र सो बाट पर्न हानी नोक्सानीको क्षतिपूर्ति गराउन सिफारिस गर्न सक्नेछ ।
- सिफारिस बमोजिम स्थानीय कार्यपालिकाले मापदण्ड, जरिवाना तथा अन्य कारवाही सम्बन्धि व्यवस्था मिलाउन सक्नेछ ।

## परिच्छेद-९

## महामारी रोकथाम फोहरमैला व्यवस्थापन सम्बन्धि व्यवस्था

**४४. रोग तथा रोगीहरुको अभिलेख राख्नु पर्ने**

- स्थानीय स्तरमा कुनै नागरिकलाई सरुवा रोग लागेमा सो को जानकारी २४ घण्टाभित्र नजिकको सामुदायिक स्वास्थ्य वा स्वयंसेविकलाई टिपोट गराउनु पर्नेछ ।
- कसैलाई नसर्ने रोग लागेको थाहा हुन आएमा सो को जानकारी ५ दिनभित्र नजिकका स्वास्थ्य संस्था वा महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकालाई टिपोट गराउनु पर्नेछ ।
- टिपोट गराईएका रोगीहरुको विवरण सम्बन्धित स्वास्थ्य संस्थाहरुले मासिक रपमा वडा समीति र गाउँपालिकाको स्वास्थ्य सूचना पूणालीमा दाखिला गराउनु पर्नेछ ।

**४५. महामारी रोकथाम तथा नियन्त्रण गर्न अभियान सञ्चालन गर्नुपर्छ**

- स्थानीय स्तरमा रोगको महामारी फैलिएमा गाउँपालिकाले सो को प्रभाव क्षेत्रलाई विद्यालय बन्द गर्न अस्थायी रुपमा बस्ती खाली गर्न वा अन्यत्रका सर्वसाधारणलाई भ्रमणमा प्रतिबन्ध समेत लगाउन सक्नेछ ।

- यस्तो परिस्थितिमा महामारीबाट थप क्षति हुन नदिन आवश्यक सर्तकता अपनाउने, आवश्यक जनशक्ति परिचालन गर्ने र थप जनशक्तिको लागि छिमेकी स्थानीय सरकार, प्रदेश सरकार र संघिय सरकार समक्ष अनुरोध गरी प्रभावकारी रुपमा परिचालन गर्नु पर्नेछ ।

## ४६. सुर्ती, मदिरा तथा सुर्तीजन्य पदार्थको नियमन

- सुर्ती तथा मदिराजन्य पदार्थ विक्रि वितरणको लागि गाउँपालिकाबाट छुट्टै अनुमति लिनु पर्नेछ,
- खाद्य पदार्थ विक्रि गर्ने पसलमा सुर्ती तथा मदिराजन्य पदार्थ विक्रि वितरण गर्न बन्देज लगाईने,
- सुर्ती, मदिरा र लागु पदार्थजन्य जस्तुको विक्रि वितरण र प्रयोगमा नियन्त्रण गर्न निषेधित खुल्ला क्षेत्रहरु तोक्न सक्नेछु । विद्यालय, सरकारी, हाटबजार जस्ता क्षेत्रहरुको निश्चित दुरी तोकी धुम्रपान र मदिरापान नियोध गर्नेछ ।
- खाद्य पदार्थ सँगै सुर्ती तथा मदिराजन्य पदार्थ विक्रि वितरण गरेमा, निषेधित धुम्रपान मदिरा सेवन गरेमा स्थानीय प्रशासनको सहयोगमा गाउँपालिकाले कारवाही गर्न सक्नेछ ।

## ४७. सरसफाई सम्बन्धि कार्यक्रम तथा फोहर मैला व्यवस्थापन

- गाउँपालिकाको स्वास्थ्य तथा सरसफाई तथा सरसफाई शाखाले व्यक्तिगत, घरेलु तथा सामुदायिक सरसफाईका मापदण्ड तयार गरी प्रत्येक आर्थिक वर्षको पहिलो महिनाभित्र कार्यपालिका बैडकबाट अनुमोदन गराउनु पर्नेछ ।
- यसरी अनुमोदन भएको मापदण्डलाई वडा कार्यालय र स्वास्थ्य संस्थाले पुरष अभियानकर्ता महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरु परिचालन गरी सबै घर परिवारमा वितरण गर्नेछन् ।
- घर निर्माण गर्दा शौचालयको फोहर व्यवस्थापन गर्ने विधि र घरेलु फोहर विसर्जन गर्ने अनिवार्य व्यवस्था भएको हुनेपर्नेछ ।
- एक परिवारको शौचालय ढल र फोहोरमैला व्यवस्थित नभएको कारण अर्को परिवारमा हानी नोक्सानी पर्न गएमा सो को क्षतिपूर्ति हानी पुऱ्याउने परिवारले तिर्नुपर्नेछ ।
- शहरी तथा अर्ध शहरी क्षेत्रमा निश्कासित फोहरमैला पून: प्रयोग गरी कम्पोष्ट मल बनाईएको अवस्थामा गाउँपालिकाले प्रोत्साहन रकम प्रदान गर्न सक्नेछ ।
- प्रत्येक स्वास्थ्य संस्थाले तोकिएको मापदण्ड बमोजिम जोखिम रहित र जोखिमयुक्त फोहोरमैला व्यवस्था गर्नु सम्बन्धित संस्थाकै दायित्व हुनेछ ।

# परिच्छेद-१०
# विविध

## ४८. सुरक्षित क्षेत्रको रुपमा कायम गर्नुपर्ने ।

- स्वास्थ्य संस्थामा स्वतन्त्र र भय रहित रुपमा उपचार तथा सेवा पाउने वातावरण सिर्जना गर्न तथा कुनै पनि किसिमको अवाञ्छित क्रियाकलाप हुन नदिने गरी सुरक्षित क्षेत्र कायम गर्नु सबैको हक हुनेछ ।
- उपदफा (१) बमोजिम सुरक्षित क्षेत्र कायम गर्दा स्वास्थ्य संस्गाले पालना गर्नु पर्ने सर्त तथा मापदण्ड तोकिए बमोजिम हुनेछन् ।
- कुनै पनि स्वास्थ्य संस्थामा उपचार तथा सेवामा लिङ्ग, धर्म, वर्ण, जात, वर्ग आदिको आधारमा भेदभाव एवं दुर्व्यवहार दण्डनिय हुनेछ । भए गरेको पाईए प्रचलित कानुन बमोजिम कारवाही हुनेछ ।
- कुनैपछि स्वास्थ्य संस्थामा उपचार तथा सेवा दिँदा सेवा लिनेको व्यक्तिगत गोपनियताको हक सुरक्षित गराउनु सम्बन्धित स्वास्थ्य संस्था र कार्यरत स्वास्थ्य कर्मीको कर्तव्य हुनेछ । व्यक्तिगत गोपनियताको हक सुरक्षित नभएको वा कुनैपनि बहानामा अन्यथा भए गरेको पाइएमा प्रचलित कानुन बमोजिम कारवाही हुनेछ ।

## ४९. प्राईभेट मेडिकल कलेज, अध्ययन संस्थान र ठुला अस्पताल सञ्चालनका लागि सिफारिस

- संघिय, प्रादेशिक मापदण्ड अनुरुप निजीस्तरमा मेडिकल कलेज तथा स्वास्थ्य अध्ययन संस्थान अस्पताल वा निदान केन्द्र स्थापनाका लागि सम्बन्धित वडा र गाउँपालिकाबाट सिफारिस लिनु पर्नेछ ।
- उपदफा (१) बमोजिमको सिफारिस लिँदा वातावरणिय प्रभाव अध्ययन गरी स्थानीय स्तरमा पर्ने नकारात्मक प्रभावहरुको न्यूनिकरणका लागि कार्यक्रम र बजेट प्रस्ताव गरिएको हुनुपर्नेछ ।
- सिफारिसका लागि गाउँपालिकाको आर्थिक ऐनले तोके बमोजिमको राजश्व दस्तु बुझाउनु पर्नेछ ।

**५०. संघिय, प्रादेशिक अभियानलार्य सघाउ पुऱ्याउनु पर्ने**

स्वास्थ्य सेवा सम्बन्धि राष्ट्रिय तथा अन्तराष्ट्रिय मापदण्ड पुरा गर्न संघिय तथा प्रदेश सरकारले सञ्चालन गरेको अभियानलाई सहयोग पुऱ्याउन गाउँपालिका स्वास्थ्य तथा सरसफाई शाखाले समन्वय गर्नेछ ।

**५१. अनुगमन र नियमन**

आमा समूह, धामी झाँक्रि र आम्ची सेवाको अभिलेख अद्यावधिक गरी तिनीहरुको क्रियाकलापलाई स्वास्थ्य तथा सरसफाई शाखाले अनुगमन र नियमन गर्नेछ ।

**५२. साझेदारी सम्बन्धमा**

- आधारभूत स्वास्थ्य :- तथा सरसफाई सेवा प्रदान गर्नका लागि अन्य सरकारी निकाय, निजी व्यवसायी सामाजिक संघ/संस्था, ट्रष्ट र व्यक्तिहरुसँग विभिन्न कार्यका लागि साझेदारी गर्न सक्नेछ र तिनीहरुबाट औषधि, उपकरण, विशेषज्ञ सीपहरुको सहायता प्राप्त गर्न सक्नेछ ।
- घुम्ती शिविर सम्बन्धमा :- स्वास्थ्य सम्बन्धि घुम्ती शिविर वा सेवाहरु सञ्चालन गर्न पालिका तथा शाखाबाट अनुमति लिनुपर्छ ।
- एम्बुलेन्स सेवा :- पालिकाले आफ्नो स्रोतबाट जा अन्य संस्थासँगको सहकार्यमा सेवा सञ्चालन गर्नेछ ।

**५३. प्रगति विवरण बुझाउनुपर्ने**

- गाउँपालिकाको स्वामित्वका स्वास्थ्य संस्थाले मासिक, चौमासिक, अर्धवार्षिक तथा वार्षिक प्रतिवेदन पेश गर्नुपर्नेछ ।
- नीजि स्वामित्वका स्वास्थ्य संस्थाले वार्षिक प्रतिवेदन पेश गर्नुपर्नेछ ।
- उपदफा (१) (२) मा जेसुकै उल्लेख भएपनि गाउँपालिकाको तथा सम्बन्धित नियकाले माग गरेका अवस्थामा वा कुनैपनि समयमा ताकिएका विवरणहरु माग गर्ने निकायमा पेश गर्नु सम्बन्धित संस्थाको जिम्मेवारी हुनेछ ।

**५४. दण्ड र सजाय**

- कसैले सरकारी, सामुदायिक, सार्जजनिक स्वामित्वमा सञ्चालित स्वास्थ्य संस्था तथा स्वास्थ्य सेवा व्यवसायको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई स्वास्थ्य समितिको सिफारिसमा कार्यपालिकाले बिगो असुल असुल गरी विगो बमोजिम जरिवाना गर्न सक्नेछ ।

- कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुऱ्याएमा त्यस्तो व्यक्तिलाई कसुरको मात्रा हेरी कानुनले तोके बमोजिम सजाय हुनेछ।
  - उपचार, सेवा र सेवासँग सम्बन्धित विषयको व्यक्तिगत गोपनियता भङ्ग गरेमा,
  - स्वास्थ्य परिक्षण उपचार तथा सेवा दिँदा लापरवाही, विभेद वा गैर जिम्मेवारीपूर्ण कार्य गरेमा,
  - उपचारमा नियत राखि दुःख दिएमा, अमर्यादित कार्य गरेमा,
  - कानुन विपरितका अन्य कार्य गरेमा,
- गाउँपालिकाको तथा तोकिएको अधिकारीले गरेको सजाय आदेश उपर कानुन बमोजिम पुनरावेदन लाग्नेछ।

**५५. नियम बनाउने अधिकार**

- यस ऐनाको उद्देश्य कार्यान्वयन गर्न गराउन कार्यपालिकाले आवश्यक व्यवस्थाहरु सहित स्वास्थ्य सेवा नियमावली बनाउन सक्नेछ।
- यस ऐनको कार्यान्वयनको लागि गाउँपालिकाको स्वास्थ्य सेवा समन्वय समितिले आवश्यक निर्देशिका तथा कार्यविधि बनाई लागु गर्न सक्नेछ।
- कार्यपालिकाले समग्र स्वास्थ्य क्षेत्रको व्यवस्थापन वा कुनै विशेष विषयलाई लिएर विशेष निर्देशन जारी गर्न सक्नेछ।

**५६. संक्रमणकालीन व्यवस्था**

यस ऐनले तोकिएको तथा तोकिए बमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली नआएसम्म कार्यपालिकाले गर्न सक्नेछ।

**५७. बाधा अड्काउ फुकाउने अधिकार :-** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा कार्यपालिकाले त्यस्तो बाधा अडकाउ हटाउन आदेश जारी गर्न सक्नेछ।

**५८. बचाउ र लागु नहुने**

- यो ऐन अन्तर्गत बनेका नियमावलीमा लेखि जति कुरामा सोही बमोजिम र अन्य विषयमा प्रचलित कानुन बमोजिम हुनेछ।

- संघिय र प्रादेशिक कानुनसँग बाझिन गएमा बाझिन गएका यस ऐनका दफा र उपदफाहरु बाझिएका हदसम्म स्वतः खारेज हुनेछ ।

## ५९. यसै अनुसार हुने

- यसअघि भए गरेका काम कारवाहीहरु यसै ऐन अनुसार भएको मानिनेछ ।
- यसअघि कानुन बमोजिम नियुक्त स्वास्थ्यकर्मी कर्मचारी स्वयमसेवकहरुलाई नेपाल सरकारले दिईदै आएको सुविधामा कुनै किसिमको कटौती गरिने छैन । तर यो व्यवस्थाले कानुन बमोजिम दण्ड, सजाय कार्यवाही गर्न बाधा पर्ने छैन ।

**आज्ञाले**
**छवीलाल राई**
**प्रमुख प्रशासकीय अधिकृत**